# वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५
(मन्त्रिपरिषदबाट स्वीकृत मिति २०६५/९/२८)


१. नाम र प्रारम्भ

२. परिभाषा

३. बेपत्ता पारिएका व्यक्तिका हकदारलाई प्रदान गरिने राहत

४. वेपत्ता पारिएका व्यक्ति यकिन गर्ने

५. कार्यदलबाट प्राप्त विवरण

६. वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदार

७. नजिकको हकदार पत्ता नलागेको अवस्था

८. वेपत्ता पारिएका व्यक्ति र निजका नजिकका हकदारको विवरण पठाउने

९. बजेट निकासा प्रक्रिया

१०. भुक्तानी प्रक्रिया

११. लेखा र लेखा परीक्षण

१२. प्रतिवेदन

१३. उजुरी

१४. विविध

## पृष्ठभूमिः

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५।७२० को बैठकबाट “वेपत्ता पारिएका व्यक्तिको परिवारलाई पनि **द्वन्द्व पिडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४** को दफा १.१.१ बमोजिम प्रति परिवार एक लाख रुपैया राहत स्वरुप उपलब्ध गराउने भन्ने निर्णय ( अनुसूची-१ मा दिईएको छ ।) भएकोले बेपत्ता पारिएका व्यक्तिको पीडित परिवारलाई पनि सोही बमोजिम सरल र पारदर्शी तरिकाले राहत उपलब्ध गराउन आवश्यक भएकोले **“वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५”**, वनाइ लागू गरिएको छ ।

### १. नाम र प्रारम्भः

यो निर्देशिकाको नाम **“वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५”** रहेको छ । यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “मापदण्ड” भन्नाले “द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४” सम्भनु पर्छ ।

(ख) “मन्त्रालय” भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्भनु पर्छ ।

(ग) “सशस्त्र द्वन्द्व” भन्नाले सम्व्त २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र ने.क.पा. माओवादीबीच भएको सशस्त्र द्वन्द्व सम्भनु पर्छ ।

(घ) “कार्यदल” भन्नाले नेपाल सरकार (म.प.) को मिति २०६४।२।२७ को निर्णयानुसार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित “द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल” सम्भनु पर्छ र सो शब्दले यस कार्यलाई निरन्तरता दिंदै थप कार्यक्षेत्र सहित पुनर्गठित “द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल, २०६५” लाई समेत जनाउने छ ।

(ङ) “व्यक्ति वेपत्ता पार्ने कार्य” भन्नाले देहायको कार्यलाई बुझाउँछ-

(१) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउने अवधि व्यतित भए पछि पनि निजको परिवारलाई भेटघाट गर्न नदिएमा वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा कसैलाई जानकारी नदिने,

(२) कुनै संगठन वा संगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ गरी वा अन्य कुनै तरिकाले वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने र त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा कसैलाई जानकारी नदिने ।

(च) “वेपत्ता पारिएका व्यक्ति” भन्नाले सशस्त्र द्वन्द्वको अवधिमा खण्ड (ङ) बमोजिमको कार्यबाट वेपत्ता पारिएको व्यक्ति सम्झनुपर्छ ।

## ३. बेपत्ता पारिएका व्यक्तिका हकदारलाई प्रदान गरिने राहत :

३.१. बेपत्ता पारिएका व्यक्तिको स्थिति हालसम्म पत्ता नलागेको अवस्थामा निजको नजिकको हकदारलाई रु. १ लाख प्रदान गरिनेछ ।

३.२. बेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारले मापदण्डको दफा ५ को उपदफा ५.१ बमोजिम आर्थिक सहायता स्वरुप रु.२५ हजार प्राप्त गरिसकेको रहेछ भने दफा ३ को उपदफा ३.१ बमोजिम राहत प्रदान गर्दा मापदण्डको दफा ५ को उपदफा ५.१ बमोजिम आर्थिक सहायता स्वरुप प्राप्त गरेको रु.२५ हजार कट्टा गरी बाँकी रकम मात्र प्रदान गरिनेछ ।

३.३. बेपत्ता पारिएको व्यक्तिको बेपत्ता हुँदाकै अवस्थामा मृत्यु भैसकेको कुरा प्रमाणित हुन आएमा निजको नजिकको हकदारले प्राप्त गर्ने राहतका सम्बन्धमा मापदण्डको दफा १.१.१ बमोजिम हुनेछ । तर मापदण्डको दफा ५ को उपदफा ५.१ बमोजिमको आर्थिक सहायता तथा यस निर्देशिका बमोजिमको राहत प्रदान गरिने छैन ।

३.४.

## ४. वेपत्ता पारिएका व्यक्ति यकिन गर्ने :

४.१. बेपत्ता पारिएका व्यक्ति यकिन गर्दा वेपत्ता पारिएका व्यक्ति भनी राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सिफारिश वा प्रतिवेदन र वेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा छानवीन वा जाँचबुझ गर्न

नेपाल सरकारबाट गठित आयोग, कार्यदल वा समितिबाट सो सम्बन्धमा प्राप्त प्रतिवेदनलाई आधार मानिनेछ ।

४.२. उपदफा ४.१ बमोजिम प्राप्त विवरण यकिन गर्नका लागि मन्त्रालयले कार्यदलमा पठाउनु पर्नेछ ।

४.३. कार्यदलले बेपत्ता पारिएका व्यक्तिको विवरण यकिन गरी अनुसूची-२ को ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ ।

**५. कार्यदलबाट प्राप्त विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने:**

५.१. बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा दफा ४.३ बमोजिम कार्यदलबाट मन्त्रालयमा प्राप्त विवरण बेपत्ता पारिएको व्यक्तिको स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

५.२. दफा ५.१ बमोजिमको विवरण प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले राहत प्राप्त गर्ने प्रयोजनका लागि बेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई दफा ६ को विवरण सहित सम्पर्क राख्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

**६. वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदार यकिन गर्ने :**

६.१. जिल्ला प्रशासन कार्यालयबाट उपदफा ५.२ बमोजिम सूचना प्रकाशित भएपछि वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारले देहायका कागजात संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा जिल्ला प्रशासन कार्यालयमा राहतको लागि निवेदन दिनु पर्नेछ । नाबालकको हकमा निजको संरक्षकले निवेदन दिनु पर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र ),

(ख) नाता प्रमाणित,

(ग) नाबालकको संरक्षकको हैसियतले निवेदन दिंदा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट नाबालकको संरक्षक भएको प्रमाणित कागजात र

(घ) निवेदकको दुई प्रति पासपोर्ट साइजको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुबै जनाको दुई/दुई प्रति फोटो)।

६.२. उपदफा ६.१ को खण्ड (घ) बमोजिम निवेदन साथ संलग्न दुई प्रति फोटो उपदफा ८.१ बमोजिम तयार हुने दुई प्रति विवरणमा एक/एक प्रति प्रयोग गर्नु पर्नेछ ।

६.३. उपदफा ६.१ बमोजिम प्राप्त निवेदनहरु छानविन गरी नजिकको हकदार तथा नाबालकको हकमा संरक्षक यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमिन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रिया अवलम्वन गर्न सक्नेछ ।

६.४. वेपत्ता पारिएको व्यक्तिको परिवारका सदस्यमध्ये देहायको क्रमानुसार जो जीवित छ उसैलाई वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदार कायम गर्नु पर्छः-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, विधवा छोरा बुहारी, छोरा र छोरा बुहारी दुबैको मृत्यु भैसकेको अवस्थामा निजहरुबाट जन्मेको नाति, अविवाहित नातिनी,

(ग) सगोलको बाबु, आमा,

(घ) सगोलको बाजे, बज्यै, र विवाहित वेपत्ता पारिएको महिलाको हकमा सगोलको सासु, ससुरा

(ङ) भिन्न बसेको पति वा पत्नी,

(च) भिन्न बसेको छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री वा विधवा छोरा बुहारी,

(छ) भिन्न बसेको बाबु, आमा,

(ज) सगोलको दाजु, भाइ, अविवाहित दिदी, बहिनी,

(झ) सगोलको भतिजा, भतिजी, सौतेनी आमा,

(ञ) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी, नातिनी बुहारी ।

एउटै क्रममा एकभन्दा बढी नातेदारहरु भएमा सो क्रममा तोकिएका सबै नातेदारहरुलाई नजिकको हकदार कायम गर्नु पर्छ ।

### ७. **नजिकको हकदार पत्ता नलागेको अवस्थाः**

उपदफा ६.४ मा उल्लिखित क्रमका कुनै हकदार पत्ता नलागेको अवस्थामा सो भन्दा बाहिरका अन्य कुनै व्यक्तिलाई राहत उपलब्ध गराइने छैन ।

## ८. वेपत्ता पारिएका व्यक्ति र निजका नजिकका हकदारको विवरण पठाउने :

८.१. दफा ६ बमोजिम वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदार यकिन भए पछि प्रमुख जिल्ला अधिकारीले अनुसूची-४ बमोजिमको २ प्रति विवरण तयार गरी वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारलाई राहत उपलब्ध गराउन सो विवरणको एक प्रति शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुनःस्थापन ईकाइमा पठाउनु पर्नेछ । यस्तो विवरण फ्याक्स मार्फत पनि पठाउन सकिने छ । यसरी फ्याक्स मार्फत विवरण पठाएको अवस्थामा सो विवरणको सक्कल प्रति हुलाक वा अन्य माध्यमबाट पनि पठाउन पर्नेछ ।

८.२. जिल्ला प्रशासन कार्यालयबाट उपदफा ८.१ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयको राहत तथा पुनःस्थापन इकाइले सो विवरण र कार्यदलको विवरण भिडाई कुनै कैफियत देखिए सो समेत उल्लेख गरी उक्त विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

## ९. बजेट निकासा प्रकियाः

९.१. मन्त्रालयले दफा ५ को उपदफा ५.१ बमोजिम जिल्ला प्रसासन कार्यालयमा विवरण पठाउदा कार्यदलले सिफारिस गरेको बेपत्ता पारिएका व्यक्तिको संख्याको आधारमा खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पत्र समेत साथै पठाउनु पर्नेछ ।

९.२. मन्त्रालयले उपदफा ९.१ बमोजिम खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पठाउदा दफा ८ को उपदफा ८.२ बमोजिमको विवरण प्राप्त नभएसम्मकालागि निकासा रोक्का राख्नु पर्नेछ ।

९.३. मन्त्रालयको राहत तथा पुनःस्थापन इकाइबाट दफा ८ को उपदफा ८.२ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले प्रक्रिया पुरा भएका वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई राहत प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रकम निकासा वा फुकुवाको आदेश पठाउनु पर्नेछ ।

९.४. मन्त्रालयबाट उपदफा ९.३ बमोजिमको आदेश प्राप्त भए पछि जिल्ला प्रशासन कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालमा बजेट निकासा माग गरी प्राप्त निकासा आम्दानी बाँध्नु पर्नेछ ।

९.५. आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम जिल्ला प्रशासन कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

९.६. वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई आर्थिक सहायता दिने प्रयोजनका लागि स्वीकृत भएको खर्च शीर्षकको रकम अन्य शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

**१०. भुक्तानी प्रकिया :**

१०.१. उपदफा ९.३ बमोजिमको आदेश प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई सिधै चेकबाट भुक्तानी दिनुपर्नेछ ।

**११. लेखा र लेखा परीक्षण :**

११.१. जिल्ला प्रशासन कार्यालयले विनियोजित रकम र खर्चको लेखा महालेखा परीक्षकको कार्यालयको स्वीकृत ढाँचामा राख्नु पर्नेछ ।

११.२. प्रमुख जिल्ला अधिकारीले उल्लेखित कारोबारको लेखा अद्यावधिक भए नभएको विषयमा बराबर जाँच गर्नु पर्नेछ ।

११.३. कार्यालयमा राख्नु पर्ने लेखा ठीक दुरुस्तसंग राखे नराखेको विषयमा महालेखा नियन्त्रकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले आकस्मिक वा समय समयमा जाँच गर्न सक्ने छ । यसरी जाँच गर्दा कैफियत देखिएमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

११.४. यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

११.५. यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ । लेखा परीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राखी फछ्र्यौट गराउने जिम्मेवारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

**१२. प्रतिवेदन**

१२.१. स्वीकृत कार्यक्रम र अख्तियारी अनुसार भएको आम्दानी खर्चको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालयले अनिवार्य रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

१२.२. स्थानीय बैंकले जिल्ला प्रशासन कार्यालयबाट खातावालाहरुको नाममा जम्मा हुन आएको रकमको मासिक विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. **उजुरी :**

यस निर्देशिका बमोजिम वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट भएका निर्णय उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले त्यस्तो काम भए गरेको मितिले ३५ दिनभित्र आफ्नो व्यहोरा खुलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सक्नेछ ।

**१४. विविध :**

१४.१. यस निर्देशिकामा उल्लेख नभएका आर्थिक प्रशासन सम्बन्धी अन्य विषयका हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

१४.२. यस निर्देशिका बमोजिम वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई वितरण हुने आर्थिक सहायता सम्बन्धमा आवश्यकतानुसार मन्त्रालयले अनुगमन गर्नेछ ।

१४.३. मन्त्रालयले यो निर्देशिका कार्यान्वयन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने छ ।

१४.४. यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । सो सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

अनुसूची-१
(पृष्ठभूमिसँग सम्बन्धित)
मन्त्रिपरिषद् राजनैतिक समितिको मिति २०६५।७।२० को निर्णय
नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मन्त्रिपरिषद् बैठक
(.................................. शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या : मं.बै./०६५

च.न. : ७६४
मिति : २०६५।७।२०

श्री सचिव,

शान्ति तथा पुनर्निर्माण मन्त्रालय ।

राहत उपलब्ध गराउने विषय मं.प.बै.सं. २९।०६५ मिति २०६५।७।२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६५ को नियम २९ बमोजिम अनुरोध गरेको छु -

नेपाल सरकारको निर्णय

"शान्ति तथा पुनर्निर्माण मन्त्रालयको मिति २०६५।७।१८ को पत्रानुसार वेपत्ता पारिएका व्यक्तिहरुको पीडित परिवारलाई पनि मं.प.रा.स. १।०६५ मिति २०६५।१।१३ को मन्त्रिपरिषद्, राजनैतिक समितिबाट स्वीकृत "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६५" को दफा १.१.१ बमोजिम प्रति परिवार एक लाख रुपैयाँ राहत स्वरुप उपलबध गराउने । उक्त रकम अर्थ मन्त्रालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई निकासा दिने ।"

( डा. भोजराज घिमिरे )

मुख्य सचिव

बोधार्थ तथा कार्यार्थ-

श्री सचिव, अर्थ मन्त्रालय ।

# अनुसूची-२

(निर्देशिकाको दफा ४ को उपदफा ४.३ सँग सम्बन्धित)

## द्वन्द्वका क्रममा वेपत्ता पारिएका व्यक्तिको विवरण

| क.सं. | वेपत्ता व्यक्तिको नाम, थर | बाबु वा आमाको नाम, थर | ठेगाना | | | उमेर | लिङ्ग | पेशा/कार्यक्षेत्र | वेपत्ता पारिएको | | वेपत्ता को द्वारा ? | वेपत्तामा रहेको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | | | | मिति | स्थान | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |

द्रष्टव्य: १) महल नं. ७ मा उमेर जनाउँदा पूरा गरेको उमेर वर्षमा लेख्नु पर्दछ ।
२) महल नं. ९ मा वेपत्ता पारिएको व्यक्तिले गर्ने गरेको मुख्य कार्य वा पेशा वा व्यवसाय लेख्नु पर्दछ । जस्तैः शिक्षण, व्यापार, कृषि, कानून व्यवसाय, राजनीति आदि
३) महल नं. १२ मा कसले वेपत्ता पारेको हो खुलाउनु पर्दछ । जस्तैः राज्यपक्ष, विद्रोही पक्ष ।
४) महल नं. १३ मा वेपत्ता भएको अवधिलाई दिनमा लेख्नु पर्दछ । जस्तै दुई महिना पन्ध्र दिन अपहरणमा परेको भए ७५ दिन लेख्ने । हाल सम्म पनि पत्ता नलागेको अवस्थामा सोही व्यहोरा जनाउने ।

**प्रमाणित गर्नेको,**
दस्तखत:
नाम, थर:
पद:

# अनुसूची ३
## (निर्देशिकाको दफा ६ को उपदफा ६.१ संग सम्बन्धित)
## वेपत्ता पारिएको व्यक्तिका नजिकको हकदारले राहतका लागि दिने निवेदनको ढाँचा

मिति :

**विषयः** राहत उपलब्ध गराई पाउँ ।

श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय
...................... ।

सशस्त्र द्वन्द्वको कारण वेपत्ता पारिएको देहायको विवरण अनुसारका व्यक्तिको म नजिकको हकदार भएकोले निम्नलिखित कागजात संलग्न गरी नेपाल सरकारबाट उपलब्ध गराउने राहत उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु ।

**वेपत्ता पारिएको व्यक्तिकोः**
नाम, थरः
ठेगानाः
वेपत्ता भएको मितिः
वेपत्ता भएको स्थानः

**निवेदककोः**
दस्तखत :
नाम, थरः
ठेगानाः
वेपत्ता पारिएको व्यक्तिसँगको नाताः

नाबालक हकदारको हकमा संरक्षकले निवेदन दिँदा माथिको विवरणमा दस्तखत बाहेक अन्य विवरण सम्बन्धित नाबालकको उल्लेख गरी संरक्षकको विवरण तल उल्लेख गर्ने ।

संरक्षककोः
दस्तखतः
नाम,थरः
ठेगानाः
नाबालकसँगको नाताः

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. नेपाली नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र)
२. नाता प्रमाणित पत्र
३. सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट नाबालकको संरक्षक भएको व्यहोरा प्रमाणित गरेको कागजात (नाबालकको हकमा संरक्षकले निवेदन गर्दा मात्र)
४. २ प्रति हालसालै खिचेको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुवैको २/२ प्रति)

अनुसूची-४
(निर्देशिकाको दफा ८ को उपदफा ८.१ सँग सम्बन्धित)

<u>वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदार यकिन गरी आर्थिक सहायता उपलव्ध गराउन निकासा माग गर्ने पत्रको नमूना</u>

विषय : <u>विवरण पठाएको</u> ।

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
राहत तथा पुनःस्थापन इकाइ,
बबरमहल, काठमाडौं ।

देहायका वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदार कायम भएका देहायका व्यक्तिलाई नेपाल सरकार (मं.प.) को निर्णयानुसार रु १ लाखका दरले उपलव्ध गराइने राहत प्रदान गर्ने प्रयोजनका लागि रकम निकासा/फुकुवा हुन अनुरोध छ ।

| सि.नं. | वेपत्ता पारिएको व्यक्तिको | | | | | | | | कार्यदलको प्रतिवेदनमा उल्लिखित क.स. | वेपत्ता परिएका व्यक्तिको नजिकको हकदारको | | | | | | | | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर | उमेर | लिङ्ग | पेशा | ठेगाना ( गा.वि.स./न.पा./ वडा नं.) | वेपत्ता भएको जिल्ला | वेपत्ता भएको मिति | घटना कसले गराएको | | नाम, थर | उमेर | लिङ्ग | पेशा | वेपत्ता परिएको व्यक्ति संगको नाता | ठेगाना: जिल्ला | ठेगाना: गा.वि.स./न.पा./ वडा नं. | फोटो | | |
| | | | | | | | | | | | | | | | | | | | |

..............................
प्रमुख जिल्ला अधिकारी

द्रष्टव्यः नाबालक हकदारको हकमा संरक्षकको नाम, थर, ठेगाना कैफियत महलमा उल्लेख गर्ने ।

प. सं. २०६५/०६६
च.नं.: ३९२

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति :२०६५/१२/२७

विषय :- *चेक पठाइएको बारे ।*

श्री जिल्ला प्रशासन कार्यालय,
कार्यक्रम भएका जिल्ला हरु सबै ।

उपरोक्त सम्बन्धमा त्यस जिल्लामा द्वन्दको कारण वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई प्रति परिवार रु.१,००,०००।- (एक लाख रुपैयाँ) का दरले राहत उपलब्ध गराउनका लागि यसै साथ सम्लग्न त्यस जिल्लाका वेपत्ता पारिएका व्यक्तिहरुको विवरण अनुसारका नजिकका हकदारलाई राहत उपलब्ध गराउन नेपाल राष्ट्र बैक थापाथलीबाट भुक्तानी पाउने गरी चेक नं. १३२५२२२ मिति २०६५/१२/२० रकम रु. ७,००,०००।-(अक्षरेपी सात लाख मात्र) को चेक तहाँ कार्यालयको नाममा पेश्की जनाई पठाइएको छ । उक्त राहत रकम वितरण गर्दा निम्न प्रक्रिया अनुसार कार्यान्वयन गर्न नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०६५/१२/२६ को निर्णयानुसार अनुरोध गरिन्छ । साथै "वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५" यसै साथ सम्लग्न छ ।

तपसिल

१) बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५ को अनुसूची-४ अनुसारको विवरण र आवश्यक प्रमाण तयार गरी जिल्ला पशासन कार्यालयमा राखी सम्बन्धित हकदारलाई राहत रकम चेक बाट भुक्तानी दिनु हुन ।

२) आर्थिक बर्षको अन्त्यमा वितरण भएको राहत रकमको विवरण, मौज्दात रकमको विवरण, अनुसूची-४ को प्रमाणित विवरण रकम बुझेको भर्पाई लगाएतका सक्कल कागजातहरु पेश्की फछ्र्यौटको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आर्थिक प्रशासन शाखा, पठाउनु हुन ।

३) यसै साथ सम्लग्न नामावलीमा अन्यथा हुन गएको भए प्रमुख जिल्ला अधिकारीले आफ्नो लगत वा श्रोत अनुसार सच्याउन पाउने गरी सम्बन्धित जिल्लामै निर्णय हुन सक्ने ।

४) कार्यक्रम कार्यान्वयनका लागि बैंक ड्राफ्टबाट पेश्की स्वरुप रकम पठाइएको हुँदा यस निर्देशिकाको प्रकरण ८, ९, १०, ११ र १२ का प्रकृया अवलम्वन गर्नु नपर्ने ।

.....................

दुर्गानिधि शर्मा
सह-सचिव



फोन नं.: ४२११९८९, ४२१११७९, ४२१११७३, ४२११०९३, ४२१११७०, ४२१११७२ फ्याक्स : ४२१११८६
Website: <www.peace.gov.np> e-mail: info@peace.gov.np